धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५१ ◆ २०८३ असार २३ गते मंगलबार, Tuesday, July 7, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## शिवानन्द साधना केन्द्रको अध्यक्षमा योगी

काठमाडौँ । काठमाडौँ महानगरपालिका-४ विशालनगरमा नेपालेश्वर मन्दिरसमेत सञ्चालन गरिरहेको शिवानन्द साधना केन्द्रको अध्यक्षमा आध्यात्मिक चिन्तक डा चिन्तामणि योगी निर्वाचित हुनुभएको छ।

नेपाललाई ईश्वरका रूपमा आराधना गर्ने उद्देश्यले नेपालेश्वर मन्दिरको प्राण प्रतिष्ठा गरी यहाँ नित्य पूजा हुँदै आएको छ । नेपाललाई देवताका रूपमा स्थापना गरेर पूजाआराधना गरिने मन्दिर अन्यत्र कतै नभएको केन्द्रले जनाएको छ। केन्द्रमा आध्यात्मिक साधना गर्न चाहनेका लागि विशेष व्यवस्था पनि हुँदै आएको छ। केन्द्रको उपाध्यक्षमा किरणकुमार थापा, सचिवमा अस्मिता बोहरा, कोषाध्यक्षमा प्रचण्डकुमार मानन्धर र सदस्यहरुमा अरविन्दलाल श्रेष्ठ, सुमन तामाङ र निर्मला महत निर्विरोध निर्वाचित हुनुभएको छ। केन्द्रको पहिलो कार्य समिति बैठकले संस्थाका पूर्वसचिव फणिन्द्र सिलवाल र सृजना राणालाई कार्य समिति सदस्यमा मनोनयन गरेको उपाध्यक्ष थापाले राससलाई जानकारी दिनुभयो ।

पहिलो बैठकले कार्य समिति सदस्य निर्मला महतको संयोजकत्वमा नेपाल माताको मन्दिरको नित्य पूजाआराधना गर्न तीन सदस्यीय समिति गठन गरेको छ ।

केन्द्रसहित नेपाल माताको मन्दिर स्थानीय भेषराज्यलक्ष्मी सिंहले स्थापना गर्नुभएको हो। उहाँले एक रोपनी १० आना जग्गा नेपालेश्वर मन्दिरसहित शिवानन्द साधना केन्द्रलाई दान गर्नुभएको हो ।

## मकवानपुरमा पाँच दिन राहदानी सेवा बन्द हुने

बागमती । जिल्ला प्रशासन कार्यालयले यही असार २४ गतेदेखि २८ गतेसम्म मकवानपुरभरि राहदानी सेवा बन्द हुने जनाएको छ ।

प्रशासनले सोमबार सूचना जारी गर्दै राहदानी विभागको पत्रअनुसार असार २९ गतेदेखि नयाँ राहदानी प्रणाली कार्यान्वयन को तयारी भएकाले चार दिन सेवा बन्द हुने जनाएको हो । प्रशासकीय अधिकृत सरोजप्रसाद पौडेलले जारी गर्नुभएको सूचनामा राहदानीका आवेदन पेस गरेका तर अस्वीकृत भई पुनःआवेदन गर्नुपर्ने, विभागबाट राहदानी छपाइ भई आएकालाई मङ्गलबार कार्यालय समयभित्र सेवा लिन पनि आग्रह गरिएको छ। यही असार २९ गतेदेखि नयाँ राहदानी प्रणालीमार्फत आवेदन कार्य पुनः नियमित हुने प्रशासनले जनाएको छ ।

## मकवानपुरमा पाँच दिन राहदानी सेवा बन्द हुने

बागमती । जिल्ला प्रशासन कार्यालयले यही असार २४ गतेदेखि २८ गतेसम्म मकवानपुरभरि राहदानी सेवा बन्द हुने जनाएको छ ।

प्रशासनले सोमबार सूचना जारी गर्दै राहदानी विभागको पत्रअनुसार असार २९ गतेदेखि नयाँ राहदानी प्रणाली कार्यान्वयन को तयारी भएकाले चार दिन सेवा बन्द हुने जनाएको हो । प्रशासकीय अधिकृत सरोजप्रसाद पौडेलले जारी गर्नुभएको सूचनामा राहदानीका आवेदन पेस गरेका तर अस्वीकृत भई पुनःआवेदन गर्नुपर्ने, विभागबाट राहदानी छपाइ भई आएकालाई मङ्गलबार कार्यालय समयभित्र सेवा लिन पनि आग्रह गरिएको छ। यही असार २९ गतेदेखि नयाँ राहदानी प्रणालीमार्फत आवेदन कार्य पुनः नियमित हुने प्रशासनले जनाएको छ ।

## ठमेलमा अश्लिल क्रियाकलापमा सङ्लग्न तीन विदेशी महिला पक्राउ



काठमाडौँ । नेपाल प्रहरीले राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा अश्लिल क्रियाकलाप र प्रहरीमाथि अभद्र व्यवहार गरेको आरोपमा तीन विदेशी महिलालाई पक्राउ गरेको छ ।

प्रहरी वृत्त लैनचौरको टोलीले ठमेलमा विदेशी तथा स्वदेशी पर्यटकलाई दुःख हैरानी दिएको र प्रहरीमाथि नै अभद्र व्यवहार गरेको आरोपमा तीन युगान्डाली महिलालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले पक्राउ परेका महिलाले ठमेलमा हिँड्ने विदेशी तथा स्वदेशी पर्यटक र सर्वसाधारण पुरुषलाई अनावश्यक रूपमा बाटो छेक्ने र अश्लील क्रियाकलापका लागि मोलमोलाइ गरी दुःख हैरानी दिने गरेकाले पक्राउ गरिएको जानकारी दिनुभयो ।

पक्राउ परेका तीन विदेशी महिलालाई 'अभद्र व्यवहार गर्न नहुने' कसुरमा अनुसन्धान अघि बढाइएको प्रवक्ता भट्टराईले बताउनुभयो । उनीहरुलाई थप अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# तमु भाषा र लिपि पुस्तान्तरण अभियान चुनौतीपूर्ण

*प्रत्यूष समाचारदाता*

तनहुँ । बढ्दो आधुनिकीकरण र पश्चिमा संस्कृतिको प्रभावका कारण स्थानीय भाषा र लिपि लोप हुने अवस्थामा पुगेसँगै संरक्षणमा चुनौतीपूर्ण बनेको छ । तनहुँमा पुस्तान्तरण मार्फत तमु (गुरुङ) भाषा र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले भाषा तथा लिपि पुस्तान्तरण अभियान सञ्चालन गरिएको हो ।

जिल्लाको व्यास नगरपालिका-१ विज्ञानचौरस्थित आदिकवि भानुभक्त क्याम्पसले आन्तरिक स्रोतबाट तमु (गुरुङ) भाषा र लिपिको संरक्षणका लागि ऐतिहासिक प्रयास थालेको छ । क्याम्पसले आन्तरिक आर्थिक स्रोतसाधनमार्फत मुलुकमा पहिलो पटक 'तमु भाषा तथा लिपि प्रशिक्षक प्रशिक्षण तालिम' सुरुआत गरेको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी दिनुभयो ।

"क्याम्पसअन्तर्गत आदिवासी जनजाति भाषा तथा संस्कृति संवर्द्धन एवं विकास समितिको आयोजनामा प्रशिक्षण सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "प्रशिक्षक प्रशिक्षणपश्चात् आ-आफ्नो स्थानीय तहमा तमु भाषा र लिपिको प्रशिक्षण अभियान सञ्चालन गर्ने उद्देश्य राखिएको छ ।" जिल्लाभरका पालिकाबाट प्रतिनिधित्व गरेका प्रशिक्षार्थीका लागि क्याम्पसको छात्राबासमा बसोबासको व्यवस्था मिलाइएको क्याम्पस प्रमुख हड्खलेले बताउनुभयो ।

"मातृभाषा, संस्कार, संस्कृति हाम्रा अमूल्य सम्पदा हुन्। यी सम्पदाको संरक्षणका निम्ति क्याम्पसमा केही वर्षदेखि विभिन्न भाषा, लिपि, संस्कृति संरक्षण र प्रवर्द्धन गर्दै भाषिक अध्ययनको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य लिइएका छौँ", उहाँले भन्नुभयो, "यसले हाम्रा अमूल्य सम्पत्तिको संरक्षणमा टेवा पुग्नेछ ।" 'तमु भाषा, साहित्य, कला तथा संस्कृति वर्ष २०२६'का रूपमा गुरुङ समुदायको अध्ययन तथा प्रशिक्षणलाई जोड दिइएको उहाँले बताउनुभयो ।

पर्यटनविद् एवं सम्पदा नेपालका अध्यक्ष हरिसिं गुरुङले भाषा संरक्षणको जिम्मेवारी राज्य वा संस्थाको मात्र नभई समुदाय र नयाँ पुस्ताको पनि भएकाले पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिइएको बताउनुभयो । यसबाट भाषा संरक्षणको प्रयास सीमित व्यक्तिमा मात्र नभई समुदायस्तरसम्म विस्तार हुने अपेक्षा गरिएको गुरुङले बताउनुभयो । "रोधी, घाटु, सोरठी तथा कृष्णचरित्रजस्ता गुरुङ सांस्कृतिक सम्पदा केबल मनोरञ्जनका माध्यम मात्र नभई सभ्यता र पहिचानका जीवित दस्तावेज हो", उहाँले भन्नुभयो, "प्रशिक्षार्थीले यिनको संरक्षणमा निर्णायक भूमिका खेल्नुपर्नेछ ।"

व्यास प्रतिष्ठानका उपकुलपति काशीनाथ न्यौपानेले युवा पुस्तामा मातृभाषा बोल्ने र लेख्ने क्षमता क्रमशः घट्दै गएकोप्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले भाषा हराउनु भनेको समुदायको पहिचान हराउनु पनि भएको संरक्षणको कदमले उत्साह थपिने बताउनुभयो ।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष बहादुर सुनारले भाषा, संस्कृति, कला र साहित्यको संरक्षण सम्पूर्ण समुदायको साझा जिम्मेवारी भएको बताउनुभयो । क्याम्पसले गत वर्ष मगर भाषाको संरक्षणका लागि कार्यक्रम सञ्चालन गरेको र यस वर्ष गुरुङ भाषा तथा संस्कृतिको प्रवर्द्धनमा केन्द्रित भएको जानकारी गराउनुभयो ।

आदिवासी जनजाति भाषा तथा संस्कृति संवर्द्धन एवं विकास समिति संयोजक ठाकुरबहादुर दरैले तमु भाषा र संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै भविष्यमा संरक्षण गर्नु भएको बताउनुभयो। "भाषा बाँच्यो भने इतिहास बाँच्छ, संस्कृति बाँच्छ र समुदायको पहिचान पनि जोगिन्छ", उहाँले भन्नुभयो ।

## एआई लिट्रेसी तालिम मोडुलको पाइलट शुभारम्भ

*प्रत्यूष समाचारदाता*

काठमाडौँ। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र नेपाल भ्रमणमा रहनुभएका एसियाली विकास बैंक (एडिबी) का अध्यक्ष मासातो कान्दाले काठमाडौँको त्रिपुरेश्वरस्थित विश्वनिकेतन माध्यमिक विद्यालयको संयुक्त रूपमा अवलोकन गर्नुभएको छ। एडिबीको सहयोगमा भूकम्पपछिको पुनःनिर्माण गरिएका विद्यालयका भवन, विज्ञान प्रयोगशाला (साइन्स ल्याब) तथा स्मार्ट कक्षाको उहाँहरूले अवलोकन गर्नुभएको हो ।

अवलोकनका क्रममा मन्त्री पोखरेल र एडिबी अध्यक्ष कान्दाले शिक्षकका लागि 'एआई लिट्रेसी एण्ड डिजिटल कम्पिटेन्सी तालिम मोडुलको पाइलट' शुभारम्भ गर्नुभयो। अनलाइन तथा स्वअध्ययन (सेल्फ-लर्निङ) मा आधारित उक्त तालिम एडिबी र शिक्षा तथा खेलकुद मन्त्रालयको प्राविधिक सहकार्यमा विकास गरिने जनाइएको छ । तालिममार्फत शिक्षकहरूलाई कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी आधारभूत ज्ञान तथा डिजिटल दक्षता विकास गराइनेछ ।

कार्यक्रममा मन्त्री पोखरेलले नेपालको शिक्षा क्षेत्रमा एडिबीले करिब पाँच दशकदेखि पुर्याउँदै आएको सहयोगप्रति आभार व्यक्त गर्दै डिजिटल रूपान्तरण, प्राविधिक तथा व्यावसायिक शिक्षालगायत प्राथमिकता क्षेत्रमा आगामी दिनमा पनि सहकार्य अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो। एडिबी नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र योजनाको प्रमुख विकास साझेदारमध्ये एक मानिन्छ । विद्यालय पूर्वाधार निर्माणदेखि शिक्षा सुधारका विभिन्न कार्यक्रममार्फत एडिबीले लामो समयदेखि सहयोग गर्दै आएको मन्त्रालयले जनाएको छ ।




# साना किसान लघुवित्तलाई विशिष्टीकृत संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड, सानाकिसानको उत्थान भए मात्रै देश विकास हुने

काठमाडौँ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणकर भट्टले साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई विशिष्टीकृत संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको २५औँ वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित कार्यक्रममा उहाँले वास्तविक किसानको बीचमा पुगेर प्रभावकारी रूपमा काम गरिरहेको संस्थाका रूपमा साना किसान विकास लघुवित्तले आफूलाई स्थापित गरेको बताउँदै यसको क्षमता र प्रभावलाई अझ विस्तार गर्न विशिष्टीकृत संस्थाका रूपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो। उपाध्यक्ष भट्टले ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि विस्तार, गरिबी न्यूनीकरण तथा साना किसानको आर्थिक सशक्ती-करणमा संस्थाले महत्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्दै साना किसानको उत्थानबाट मात्रै देशमा दिगो आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव हुने बताउनुभयो। उहाँले सरकारले यस दिशामा विशेष कार्यक्रम सञ्चालन गर्ने जानकारी दिँदै साना किसानलाई निर्धक्क भएर उत्पादन र उद्यममा लाग्न आग्रह गर्नुभयो। उहाँका अनुसार वर्तमान सरकार सरकारी, निजी र सहकारी क्षेत्रबीच सहकार्यलाई सुदृढ बनाउँदै संस्थागत दिगोपन र आर्थिक सुदृढीकरणका कार्यक्रम अघि बढाइरहेको छ । यसै सन्दर्भमा सरकार सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने दिशामा अगाडि बढिरहेको पनि उहाँले उल्लेख गर्नुभयो । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष खेमबहादुर पाठकले सरकारका आर्थिक तथा सामाजिक रूपान्तरणका अभियानमा साना किसान अभियान निरन्तर सहकार्य गर्दै आएको बताउनुभयो।आगामी दिनमा पनि अभियानमा आबद्ध संस्था तथा सदस्यहरू सरकारका विकास कार्यक्रम कार्यान्वयनमा प्रतिबद्ध भएर लाग्ने उहाँको भनाइ थियो । संस्थाका प्रमुख कार्यकारी अधिकृत बासु अधिकारीले संस्थाको आर्थिक अवस्था, व्यवसाय विस्तार तथा भावी योजनाबारे जानकारी गराउनुभएको थियो ।

## सम्पादकीय ....

### निरन्तर संघर्ष जरुरी

महिलाहरूलाई शंकाको दृष्टिले हेर्ने प्रवृत्ति केवल व्यक्तिगत व्यवहार मात्र होइन, सामाजिक संरचनाको परिणाम पनि हो । लामो समयदेखि पुरुषलाई निर्णयकर्ता र महिलालाई आज्ञापालक भूमिकामा राख्ने संस्कृतिले यस्तो सोचलाई बलियो बनाएको छ ।

यसको परिणाम स्वरूप धेरै महिलाले मानसिक दबाब, असुरक्षा र आत्मसम्मानमा चोट सहनुपरेको छ । धेरै महिलाहरू आफ्नो पीडा व्यक्त गर्न पनि डराउँछन्, किनकि समाजले उनीहरूलाई दोषी ठहर गर्न सक्छ भन्ने भय हुन्छ ।

यस्तो अवस्थामा महिलाहरूको संघर्ष केवल अधिकारको लागि मात्र होइन, सम्मान र विश्वासको लागि पनि हो । उनीहरू आफूलाई सक्षम, जिम्मेवार र इमानदार प्रमाणित गर्न बारम्बार बाध्य हुन्छन् । तर पछिल्ला वर्षहरूमा महिलाहरूको चेतना र आत्मविश्वास विस्तारै बढ्दै गएको देखिन्छ । शिक्षा, रोजगारी, सामाजिक सहभागिता र नेतृत्वका क्षेत्रमा महिलाको उपस्थितिले समाजमा सकारात्मक परिवर्तनको संकेत दिएको छ ।

धेरै महिलाहरू अब अन्याय र विभेदविरुद्ध आवाज उठाउन थालेका छन् । उनीहरू आफ्नो अधिकार, स्वतन्त्रता र सम्मानका लागि खुला रूपमा बोल्न थालेका छन् । यद्यपि, परिवर्तनको गति अझै सुस्त छ । पुरुषप्रधान सोच, पारिवारिक दबाब र सामाजिक आलोचनाका कारण धेरै महिलाहरू अझै पनि आफ्ना सपनाहरू अधुरै राख्न बाध्य छन् । माथि उल्लेखित महिलाको अनुभवले पनि यही सन्देश दिन्छ कि विश्वास र सम्मानबिना कुनै पनि सम्बन्ध टिकाउ हुँदैन । यदि सम्बन्धमा विश्वास हुन्थ्यो भने जीवनको सहजता अर्कै हुने भएपनि आफूलाई प्रमाणित गर्नमै कुनैपनि महिला थाक्नुपर्थेन ।

उनको आवाजमा निराशा मात्र होइन, आशा पनि लुकेको छ । उनी चाहन्छिन् कि भविष्यमा महिलाले यस्तो परिस्थिति भोग्न नपरोस् । "महिलालाई विश्वास गर्न सिक्नुपर्छ ।

परिवार, शिक्षा र सामाजिक संस्थाहरूले पनि समानताको मूल्यलाई प्रोत्साहन दिनुपर्छ । महिलाको संघर्ष केवल व्यक्तिगत पीडाको कथा होइन, सामाजिक परिवर्तनको आधार पनि हो । जब महिलाहरू आफ्नो अधिकार र सम्मानका लागि उभिन्छन्, तब समाज पनि परिवर्तनको दिशामा अघि बढ्न थाल्छ ।

नेपालकी पहिलो महिला प्रधानन्यायाधीश एवं प्रधानमन्त्री सुशीला कार्की भन्छिन्–"महिला कमजोर होइनन् । समाजले धेरै समयसम्म महिलालाई कमजोर भनेर चित्रण गर्‍यो, तर वास्तविकता त्यस्तो होइन । महिला आफैंमा एक शक्ति हुन् । महिलालाई अवसर, शिक्षा र विश्वास दिइयो भने उनीहरूले समाजमा ठूलो परिवर्तन ल्याउन सक्छन् । महिलाले चाहे भने घर सम्हाल्नेदेखि देशको नेतृत्वसम्म सबै जिम्मेवारी सफलतापूर्वक निभाउन सक्छन् ।"

हाम्रो समाज अझै पनि धेरै हदसम्म पुरुषप्रधान सोचबाट प्रभावित छ । कतिपय ठाउँमा महिलालाई अझै पनि दोस्रो दर्जाको नागरिक जस्तो व्यवहार गरिन्छ । उनीहरूको क्षमतामा शंका गरिन्छ, निर्णय गर्ने अधिकार सीमित गरिन्छ र धेरै अवसरबाट वञ्चित गरिन्छ । तर यस्तो सोच परिवर्तन हुन जरुरी छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३,धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सरकारका १०० दिन: 'मिसन मोड'मा अघि बढ्यो १०० खर्बको अर्थतन्त्रको सपना



**रमेश लम्साल**

अघिल्लो अंकबाट क्रमश :

१५ दिनमा तलब :

यस्तै, सरकारले गत वैशाख १६ गतेदेखि संघीय निजामती कर्मचारीलाई हरेक १५ दिनमा पारिश्रमिक उपलब्ध गराउन थालेको छ । अर्थ मन्त्रालयले पाइलट परियोजनाका रूपमा अघि सारेको यो नयाँ कार्यान्वयन गरिएको छ ।

अर्थमन्त्री वाग्लेले महालेखा नियन्त्रक कार्यालयको कम्प्युटरराइज्ड गभर्नमेन्ट एकाउन्टिङ सिस्टम मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाएर यो प्रक्रियाको थालनी गर्नुभएको थियो । बजारलाई थप चलायमान बनाउन र उपभोग तथा मागमा वृद्धि ल्याउन सरकारले त्यस्तो नवीन निर्णय गरेको सरकारको प्रष्टोक्ति थियो ।

संघीय निजामती कर्मचारीमा लागू गरिएको र विस्तारै सबै सरकारी वेतनधारीमा विस्तार गर्ने सरकारको योजना छ । अर्धमासिक रूपमा पारिश्रमिक भुक्तानी गर्दा बजारमा नियमित माग सिर्जना हुने, साना व्यवसायीहरूको नगद प्रवाहमा वृद्धि हुने र उपभोग खर्चको वितरण समान रूपमा फैलिने अपेक्षा छ । सो व्यवस्थाले सेवा व्यवसायमा सकारात्मक प्रभाव पर्ने र डिजिटल अर्थतन्त्रको विकासमा समेत मद्दत पुग्ने छ । सो व्यवस्थाले कर्मचारीको वित्तीय व्यवस्थापनमा सहजता ल्याउने र समग्र आर्थिक गतिविधिमा गुणात्मक सुधार आउने छ ।

वार्षिक रु २० करोड भन्दा बढीको कारोवार गर्ने करदातालाई केन्द्रिय बिजक अनुगमन प्रणालीमा आवद्ध गर्ने गरी आन्तरिक राजस्व विभागले थप प्रभावकारी काम अगाडि बढाएको छ । यसबाट राजस्व प्रणालीलाई पारदर्शी डिजिटल तथा प्रभावकारी बनाउन बल मिलेको छ । कर प्रशासनलाई स्वचालित बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने तथा करदातालाई सरल सेवा उपलब्ध गराउन सरकारले आवश्यक काम गरिरहेको छ ।

मध्यमवर्ग विस्तार गर्ने बजेट

अर्थमन्त्री वाग्लेले मध्यमवर्गको विस्तार गर्ने, कमजोर वर्गलाई माथि उठाउने लक्ष्यका साथ आगामी आर्थिक वर्षका लागि रु २१ खर्व १४ अर्व बराबरको बजेट प्रस्तुत गर्नुभयो । कर्णाली, सुदूरपश्चिम प्रदेशलाई बजेटमा विशेष प्राथमिकतामा राखिएको छ ।

कुल विनियोजनमध्ये चालुतर्फ रु १२ खर्व ७० अर्व ५८ करोड,पुँजीगततर्फ रु चार खर्व ३१ अर्व १० करोड ,वित्तीय व्यवस्थातर्फ रु चार खर्व २२ अर्व ६४ करोड बराबर विनियोजन गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट रु १४ खर्व ०५ अर्व ३१ करोड र वैदेशिक अनुदानबाट रु ६१ अर्व ७४ करोड बेहोर्दा रु ६ खर्व ५७ अर्व २९ करोड न्यून हुन जान्छ । सो पूर्ति गर्न वैदेशिक ऋणबाट रु २ खर्व ४७ अर्व २८ करोड परिचालन गरिनेछ । राजस्व र वैदेशिक सहायता परिचालनबाट पनि न्यून हुने रु चार खर्व १० अर्व बराबरको रकम भने आन्तरिक ऋणबाट उठाइनेछ ।

बजेटमा घोषणा गरिएका नीतिगत सुधारका कार्यक्रमबाट ७ प्रतिशत बराबरको आर्थिक वृद्धि हुने अर्थमन्त्रीको विश्वास छ । यस्तै, मुद्रास्फीति ६ प्रतिशतभित्र सीमित रहनेछ । उद्यम व्यवसायलाई राहत र मध्यम वर्गको विस्तार गरी समग्र अर्थतन्त्रलाई गतिशील बनाउने गरी करका दरमा पुनरवलोकन गरिएको छ । आयकरको छुटको सीमा दोब्बर गरी व्यक्तिका लागि १० लाखसम्म एक प्रतिशत मात्रै कर तिर्ने व्यवस्था बजेटमा गरिएको छ ।

व्यक्तिगत आयको करको अधिकतम दरलाई १० प्रतिशत बिन्दुले घटाइएको छ । बजेटले पूर्वाधार विस्तारलाई जोड दिएको छ । ऊर्जा, सडक पूर्वाधारको विकास तथा अर्थतन्त्रको दिगो विस्तारका लागि नीतिगत सुधारमा जोड दिइएको छ ।

अर्थतन्त्र सबल

चालु आर्थिक वर्षको १० महिनासम्ममा विदेश गएका नेपालीले रु १९ खर्व १६ अर्व ९० करोड बराबरको विप्रेषण पठाएका छन् । गत वैशाख महिनामा मात्रै रु दुई खर्व ५७ अर्व ४९ करोड विप्रेषण आप्रवाह भएको छ । सो अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३३ प्रतिशतले वृद्धि भई १३ अर्व २६ करोड पुगेको छ ।

यस्तै, गत वैशाख मसान्तमा रु कूल वैदेशिक मुद्राको सञ्चिती रु ३७ खर्व चार अर्व ५५ करोड बराबर पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २४ अर्व १९ करोड पुगेको छ । गत वैशाख मसान्तसम्म चालु खाता रु ७२९ अर्व २८ करोडले बचतमा छ । यस्तै, शोधनान्तर स्थिति रु ८६३ अर्व ५६ करोडले बचतमा रहेको छ ।

इन्धन सुविधामा कटौती

सुधारको क्रममा अर्थ मन्त्रालयले सरकारी कर्मचारी तथा पदाधिकारीले पाउँदै आएको इन्धन सुविधामा व्यापक कटौती गर्ने निर्णय गर्‍यो । अर्थमन्त्री डा वाग्लेले इन्धन संकटबाट अर्थतन्त्रलाई जोगाउन इन्धन सुविधा कटौती गर्ने निर्णय स्वीकृत गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको भारी वृद्धि, आपूर्तिमा आएको कमी र चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व संकलन हुन नसकेका कारण सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न त्यस्तो निर्णय गरिएको थियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० र २४ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले 'कार्य सञ्चालन निर्देशिका, २०८१' को बुँदा नं ४९ मा रहेका इन्धनसम्बन्धी व्यवस्थाहरू संशोधन गरेको थियो ।

उक्त संशोधन अनुसार १२५ लिटर इन्धन पाउँदै आएका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीले ७० लिटर मात्रै पाएका छन् । कूल १०० लिटर इन्धन पाउँदै आएका सहसचिव स्तरका पदाधिकारीले ५० लिटर पाएका छन् । मन्त्री तथा संवैधानिक पदाधिकारी पदाधिकारीले भने प्रचलित कानुन अनुसार नै इन्धन सुविधा उपलब्ध छ ।

शासकीय सुधार

सरकारको शासकीय सुधारको १०० कार्यसूचीमध्ये अर्थ मन्त्रालयबाट आर्थिक पक्षसँग सम्बन्धित विषयहरूको कार्यान्वयन कार्ययोजना तयार गरी सम्बन्धित निकाय/महाशाखालाई जिम्मेवारी तोकिएको छ । सरकारको शासकीय सुधारको १०० कार्यसूचीमध्येको बुँदा नं. ९४ मा समावेश भएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोलाई सशक्तीकरण गर्नको लागि माग गरिएको बजेट निकासा गरियो ।

अर्थमन्त्री डा वाग्लेका अनुसार, बहु-च्यानल गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी वनाउँदै गुनासो सुनुवाई एवम् व्यवस्थापन गर्न क्युआर कोडसहितको डिजिटल प्रणाली कार्यान्वयनमा ल्याइएको छ । अवधिमा महालेखा नियन्त्रक कार्यालयको पाँच वर्षे रणनीतिक योजना, २०८२ स्वीकृत भई लागू भएको छ ।

राजस्व प्रशासन तथा भन्सार सहजीकरण

पश्चिम एसियामा उत्पन्न भएको तनावका कारण पेट्रोलियम पदार्थ (डिजेल, पेट्रोल, मट्टीतेल) आपूर्तिमा अवरोध एवं विश्व बजारमा मूल्यवृद्धि भएको परिप्रेक्षमा जनतामा सोको भार कम गर्न पैठारीमा लाग्ने भन्सार महसुल तथा पूर्वाधार विकास शुल्कमा ५० प्रतिशत छुट दिइयो । शासकीय सुधार सम्बन्धी १०० कार्यसूची मध्येको बुँदा ९६ अनुरूप भन्सार विन्दुमा जफथ भएका सवारी साधनमध्ये छ सय ५१ वटा मोटरसाइकल र ४१ वटा चार पाङ्ग्रे सवारी साधन सुरक्षा निकायको लागि उपलब्ध गराउने निर्णय गरियो । ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय लगायत ४७ कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयका अधिकृतलाई अन्तःशुल्क ऐन, २०५८ अनुसारको जिम्मेवारी र अधिकार क्षेत्रसहित अन्तःशुल्क अधिकृत तोकियो ।

आर्थिक कूटनीति र लगानी प्रवर्द्धन

सघन आर्थिक कूटनीतिलाई पनि अर्थमन्त्रालयले प्रभावकारी रुपमा अगाडि बढायो । नेपालमा वैदेशिक लगानी भित्र्याउने सम्बन्धमा निजी क्षेत्र एवं प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीहरुका प्रतिनिधिसँग नेपालमा लगानी सुरक्षाको प्रतिबद्धता सहित नेपालमा लगानी भित्र्याउनका लागि पहल थालिएको छ ।

संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद्‌द्वारा संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजित विकासका लागि वित्त सम्बन्धी मन्त्रीस्तरीय सत्रमा प्रमुख वक्ताका रूपमा एवं हार्वड विश्वविद्यालय र म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीद्वारा आयोजित "द नेपाल डिस्कोर्स" मा अर्थमन्त्रीले भर्चुअल माध्यमबाट सम्बोधन गर्नुभयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधारको लागि २ अर्व ८५ करोड जापानी येन अनुदान सहायता सम्बन्धी प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति प्रदान गरियो ।

लगानी बोर्ड अनुगमन तथा सहजिकरण बैठकमा बोर्ड अन्तर्गतका आयोजनाको कार्यान्वयन सन्दर्भमा वन तथा वातावरण सम्बन्धी विषयमा देखिएको समस्या समाधानको लागि आवश्यक सुझाव प्राप्त भएको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुर्नसंरचनाका लागि सुझाव पेश गर्न गठित समितिको पुनर्संरचना सम्बन्धी सुझाव समिति, २०८२ बाट प्रतिवेदन प्राप्त भई कार्यान्वयनमा गएको छ । समाप्त ।


## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# थर सूचीकरण रोकिनुमा जातीय सोच जिम्मेवार

काठमाडौं । दलित समुदायको थर सूचीकरणको प्रक्रिया लामो समयदेखि अघि बढ्न नसक्नुको प्रमुख कारण निर्णय तहमा रहेको जातीय सोच र मानसिकता भएको सरोकारवालाले बताएका छन् । यससम्बन्धी सात पटकसम्म सरकारलाई औपचारिक सिफारिस गरिसकेको भए पनि हालसम्म सूचीकरणको काम टुङ्गोमा पुग्न नसकेको उल्लेख गरिएको छ ।

क्रियाशील दलित पत्रकार सङ्घ नेपालको समन्वयमा सोमबार आयोजित साक्षात्कार कार्यक्रममा राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले गैरदलित समुदायका केही थर सूचीकरणमा समावेश भएको विषयलाई लिएर असहजता सिर्जना भएकाले प्रक्रिया प्रभावित भएको बताउनुभयो । अहिले भने प्रक्रिया सकारात्मक रूपमा अघि बढिरहेको उल्लेख गर्दै उहाँले वर्तमान सरकारले चाँडै निर्णय गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

आयोगका सचिव भनककुमार खत्रीले आयोगले विसं २०७७ देखि थर सूचीकरणलाई प्राथमिकतामा राखेर निरन्तर काम गरिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार गत जेठ २६ गतेसम्म आयोगले सात पटक सरकारलाई सिफारिस गरिसकेको छ । सुरुमा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत रहेको यो विषय अहिले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहेकाले सरकारले छिट्टै निर्णय गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष विश्वकर्माले आयोगमा दर्ता भएका ६२ वटा उजुरीमध्ये अधिकांश फछ्र्यौट भइसकेको जानकारी दिनुभयो । अदालतमा विचाराधीन विषयमा आयोगले टिप्पणी नगर्ने भए पनि आवश्यक परेका घटनामा विज्ञप्ति जारी गर्ने तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने कार्य भइरहेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार लिखित उजुरीका अतिरिक्त टेलिफोन, सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा प्रकाशित समाचारलाई समेत आयोगले उजुरीका रूपमा ग्रहण गरी आवश्यक अनुसन्धान र पहल गर्दै आएको छ । आयोगले अनलाइनमार्फत उजुरी दर्ताको व्यवस्था गरिसकेको छ भने मोबाइल एपमार्फत उजुरी दिने प्रणाली विकासको चरणमा रहेको उहाँले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा विभिन्न घटनामा ११ जना दलित समुदायका व्यक्तिको अस्वाभाविक मृत्यु भएको उल्लेख गर्दै अध्यक्ष विश्वकर्माले ती घटनामा आयोगले गम्भीरतापूर्वक काम गरिरहेको बताउनुभयो । हिरासतमा रहेका धेरै दलित समुदायका व्यक्तिलाई झुटा मुद्दामा फसाइएको गुनासो आउने गरेको उल्लेख गर्दै त्यससम्बन्धी कानुन संशोधनका लागि सरकारसँग पहल भइरहेको उहाँले जानकारी दिनुभयो । आयोग स्थापना भएपछि जातीय विभेदका घटनामा करिब ५० प्रतिशत कमी आएको दाबी गर्दै उहाँले विभेद पूर्ण रूपमा अन्त्य नभएसम्म आयोगको आवश्यकता रहने धारणा राख्नुभयो ।

आयोग सदस्य मेहल पार्कीले संविधान संशोधनका लागि दलित समुदायका अधिकारसम्बन्धी विस्तृत सुझाव सरकारलाई पठाइसकिएको जानकारी दिनुभयो । सरकारले ती सुझाव कार्यान्वयन गरे दलित समुदायका संवैधानिक अधिकार थप सुनिश्चित हुने उहाँको भनाइ थियो । दीपा नेपालीको सत्याग्रहसम्बन्धी प्रकरणमा आयोगले प्रारम्भदेखि नै प्रहरीसँग समन्वय गर्दै आवश्यक पहल गरेको र मुद्दा हाल अदालतमा विचाराधीन रहेको उहाँले बताउनुभयो ।

आयोग सदस्य मिना सोवले आयोगका पदाधिकारीले हालै विभिन्न दलित बस्तीमा पुगेर स्थलगत अनुगमन सम्पन्न गरेको जानकारी दिँदै वर्तमान कार्यकालभित्रै थर सूचीकरणको काम सम्पन्न गर्ने लक्ष्य रहेको बताउनुभयो । कार्यक्रममा आयोगका पदाधिकारीले दलित समुदायका हकअधिकार, न्यायमा पहुँच, जातीय विभेद नियन्त्रण तथा आवश्यक कानुनी सुधारका विषयमा आयोगले निरन्तर सरकारसँग समन्वय र दबाबमूलक भूमिका निर्वाह गर्दै आएको बताएका थिए ।

# प्रतिनिधिसभाः बाध्यकारी श्रम महासन्धिको प्रोटोकलमाथि छलफल

काठमाडौं । प्रतिनिधिसभाको सोमबारको बैठकमा 'बाध्यकारी श्रम महासन्धिको प्रोटोकल नं २९ र ८१' माथि छलफल भएको छ ।

बैठकमा युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले 'अन्तरराष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी सन् २०१४ को प्रोटोकल नं २९' र 'अन्तरराष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ (नं ८१)' माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

मन्त्री यादवले छलफलमा उठेका प्रश्नको जवाफ दिँदै श्रम सङ्गठनहरुलाई खारेज गर्न नखोजेको भन्दै एकीकृत भएर आउन आग्रह गरिएको बताउनुभयो ।

उहाँले प्राप्त सुझावलाई मनन् गरेर प्रोटोकलको कार्यान्वयनसम्बन्धी योजना तर्जुमा गरिने बताउनुभयो । मन्त्री यादवले श्रमसम्बन्धी मुद्दाको फर्स्योटले गति लिएको, राहत, उद्धार र क्षतिपूर्तिको क्रमलाई बढाइएको बताउनुभयो । उहाँले गत तीन महिनामा रु १२ करोड क्षतिपूर्ति उपलब्ध गराइएको जानकारी दिनुभयो ।

छलफलमा सांसदहरु गोविन्द पन्थी, परशुराम तामाङ, नरेन्द्रकुमार केरुङ, डा पुष्पराज कँडेल, समीक्षा बाँस्कोटा, गणेशकुमार कार्की, कृष्णहरि बुढाथोकी, पुष्पा चौधरी, रीना उप्रेती, सुलभ खरेल, कान्तिशिखा धिताल, पारसमणि गेलाल, प्रमिलाकुमारी गच्छदार, ज्ञानेन्द्र सिंह महता, साजिदा खातुन, राजन गौतम, गणेशबहादुर विश्वकर्मा, कमल सुवेदी, प्रदीप विष्ट, गुरुप्रसाद बराल, यज्ञमणि न्यौपाने र रेनुका काउँचाले भाग लिनुभएको थियो । सांसदहरूले श्रम कानुनको प्रभावकारी कार्यान्वयनका साथै श्रमिकको सम्मान जनक सुविधा र लगानीमैत्री वातावरणमा जोड दिनुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही असार २४ गते बुधबार ( भोली) बिहान ११ बजे बस्नेछ ।

# मल वितरणमा सरकारी संयन्त्र चुस्तः १९ दिनमै साढे ४० हजार मेट्रिकटन आपूर्ति

काठमाडौं । यसवर्ष मनसुन सक्रिय भएसँगै देशभर धान रोपाइँ सुरु भएको छ । रोपाइँकै यो अभियानका बीच विगतका वर्षहरूमा जस्तो यसपटक किसानले रासायनिक मलको अभाव भने झेल्नुपरेको छैन ।

असारको सुरुआती १९ दिनमै साढे ४० हजार मेट्रिकटनभन्दा बढी रासायनिक मलको सहज बिक्री-वितरण भइसकेको छ । यसबाट मल आपूर्ति प्रणालीमा सरकारको पूर्वतयारी सहितको उपस्थितिले पुष्टि गरेको बताइएको छ ।

यही असार १ देखि १९ गतेसम्मको सरकारी तथ्याङ्कअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत कूल ४० हजार ५६९.२५ मेट्रिक टन रासायनिक मल किसानको खेतबारीसम्म पुगिसकेको छ । "विगतका वर्षहरूमा धान रोपाइँको मुख्ययाममै किसानले रासायनिक मल नपाएर सास्ती खेप्नुपर्ने बाध्यात्मक अवस्था थियो", "प्रधानमन्त्री बालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल भन्नुहुन्छ, "तर यसपटक सरकारले बेलैमा आपूर्ति व्यवस्थापन, भण्डारण र वितरण प्रणालीलाई वैज्ञानिक र चुस्त बनाएका कारण किसानले माग गरेकै समयमा सहज रूपमा मल पाइरहेका छन् ।"

यसबाट राष्ट्रिय आपूर्तिमा सरकारी निकायका बीचको समन्वय पनि निकै प्रभावकारी देखिएको छ । कूल वितरणमध्ये कृषि सामग्री कम्पनी लिमिटेडले २६ हजार ९९४.६५ मेट्रिकटन आपूर्ति गर्दै वितरणको ठूलो हिस्सा सम्हालेको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले १३ हजार ५७४.६ मेट्रिकटन मल उपभोक्ता समक्ष पुऱ्याएर बजारको मागलाई सन्तुलित बनाएको छ । रोपाइँको समयमा मलको आवश्यकताका बारेमा जानकार रहेको सरकारी संयन्त्रले मागअनुसार कै मल बजारमा पठाएका कारण यस अवधिमा सबैभन्दा बढी २३ हजार ४८२.४ मेट्रिकटन युरिया, १७ हजार ७४९ मेट्रिकटन डिएपी र दुई हजार ३३७ मेट्रिकटन पोटास मल किसानले सहजै प्राप्त गर्न सकेका हुन् ।

विगतका अनुभवहरूलाई हेर्दा असार १५ गते (राष्ट्रिय धान दिवस) को आसपासमा मलको माग अत्यधिक भई प्रणाली नै प्रभावित हुने गर्दथ्यो । असारको सुरुमा दैनिक औसत बिक्री ८७६.४५ मेट्रिकटन मात्र रहेकोमा असार १५ गते बढेर चार हजार ८७७१५ मेट्रिकटन पुगेको थियो । विगतका कैयौं बर्षका तुलनामा यो सबैभन्दा धेरै मात्रा हो । तर, माग सँगसँगै वितरण प्रणालीलाई पनि समानान्तर रूपमा चुस्त राखिएकाले एकैदिन झण्डै पाँच हजार टन मल वितरण हुँदासमेत कतै पनि आपूर्ति शृङ्खला नखल्बलिएको कृषिका अधिकारीहरु बताउँछन् । प्रेस तथा अनुसन्धान विज्ञ दाहाल भन्नुहुन्छ, "असार १५ गते एकैदिन करिब पाँच हजार मेट्रिकटन मल कुनै अवरोध विना किसानको हातमा पुग्नु आफैंमा सरकारी संयन्त्रको प्रभावकारिता र किसानप्रतिको जवाफदेहिताको बलियो प्रमाण हो । आगामी दिनमा पनि मलको अभाव हुन नदिन प्रधानमन्त्री कार्यालयले निरन्तर अनुगमन र समन्वय गरिरहेकै छ ।" समयमै बजेट सुनिश्चितता, वैदेशिक खरिद प्रक्रियाको पूर्वतयारी र जिल्ला-जिल्लामा रहेका डिपोको निरन्तर निगरानीका कारण यसवर्ष रासायनिक मलको मौज्दात पर्याप्त रहेको छ ।

सरकारको योजनाबद्ध पहल र सक्रिय अग्रसरताले बाँकी यामहरूमा पनि कृषि क्षेत्रमा आवश्यक सहयोग, समन्वय तथा उत्साहलाई निरन्तरता दिने विश्वास व्यक्त गरिएको छ ।

# मुस्ताङमा बहुमूल्य हिमाली जडीबुटी तोराको संरक्षण र खेती

मुस्ताङ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ झारकोटस्थित तोरा ताल क्षेत्रमा प्राकृतिक रूपमा पाइने बहुमूल्य हिमाली औषधीय जडीबुटी तोरा (सिबकथोन) को संरक्षणसँगै नयाँ खेती विस्तार गरिएको छ ।

डिभिजन वन कार्यालय मुस्ताङले चालु आर्थिक वर्षको सङ्घीय सशर्त अनुदानअन्तर्गत करिब रु दुई लाखको लागतमा स्थानीय मुक्तिनाथ बहुउद्देश्यीय सहकारी संस्थामार्फत तोरा (सिबकथोन) को संरक्षण तथा खेती विस्तार कार्यक्रम सञ्चालन गरेको हो ।

कार्यालय प्रमुख चुडामणि बरालका अनुसार झारकोटस्थित तोरा ताल आसपासको एक दशमलव ३२ हेक्टर क्षेत्रमा प्राकृतिक रूपमा उम्रिएको तोरा संरक्षण गर्नुका साथै थप क्षेत्र विस्तारका लागि यसको बीउ छरिएको छ । प्राकृतिक स्रोतको संरक्षण गर्दै तोरालाई व्यावसायिक रूपमा विकास गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

कार्यक्रमअन्तर्गत करिब ५० देखि ६० जना स्थानीयको जनश्रमदानमा तोरा ताल क्षेत्रका झाडी सरसफाइ, व्यवस्थापन तथा गह्रा सम्याउने काम गरिएको छ । त्यसपछि नयाँ क्षेत्रमा तोराको बीउ छरेर खेती विस्तार गरिएको हो ।

कार्यालयका अनुसार स्थानीय स्रोतको उपयोग गर्दै तोरा खेतीलाई पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । यसबाट स्थानीयको आम्दानी बढ्नुका साथै तोरा ताल क्षेत्रको प्राकृतिक सौन्दर्य संरक्षण र प्रवर्द्धनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

खेती विस्तारका लागि करिब एक हजार लिटर क्षमताको सिँचाइ ट्याङ्की निर्माण गरिएको छ भने तीन सय मिटरभन्दा बढी पाइपलाइन जडान गरिएको छ । साथै, तोरा खेती विस्तार गर्न सकिने नयाँ सम्भावित क्षेत्रको समेत पहिचान गरिएको कार्यालयले जनाएको छ । यसअघि झारकोटको भिरालो पाखोस्थित तोरा ताल क्षेत्रमा प्राकृतिक रूपमा उम्रिने तोरा स्थानीयले सङ्कलन गरी प्रशोधन गरेर जुस उत्पादन तथा बिक्री गर्दै आएका थिए । अब यसलाई अझ व्यवस्थित र व्यावसायिक बनाउँदै पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य रहेको प्रमुख बरालले बताउनुभयो । वडाध्यक्ष प्रमेश गुरुङका अनुसार झारकोटका स्थानीयले प्रत्येक वर्ष तोरा सङ्कलन गरी जुस उत्पादन गरेर आम्दानी गर्दै आएका छन् । तोराको संरक्षण र खेती विस्तारले स्थानीयको आयआर्जन तथा रोजगारीका अवसर वृद्धि हुने विश्वास गरिएको छ । उच्च हिमाली शुष्क क्षेत्रमा पाइने काँडेदार झाडी प्रजातिको वनस्पति तोरा (सिबकथोन) मुस्ताङ, मनाङ तथा तिब्बती क्षेत्रमा प्राकृतिक रूपमा उम्रने गर्छ । समुद्री सतहदेखि करिब तीन हजारदेखि पाँच हजार मिटर उचाइसम्म पाइने यो वनस्पति मुस्ताङमा विशेषगरी झारकोट क्षेत्रमा रहेको स्थानीयको भनाइ छ । एकदेखि तीन मिटर उचाइसम्म बढ्ने तोरामा वसन्त ऋतुमा फूल लाग्ने र गर्मीयामको अन्त्यदेखि शरद ऋतुसम्म फल पाक्ने गर्छ । यसको फलमा भिटामिन 'सी' र एन्टिअक्सिडेन्ट प्रशस्त पाइने भएकाले पोषण तथा परम्परागत औषधीय प्रयोजनमा प्रयोग हुँदै आएको छ । यसका साथै यसको बुट्यानले माटो कटान नियन्त्रण, वन्यजन्तुलाई आहार उपलब्ध गराउने तथा फल प्रशोधन गरी जुस उत्पादनबाट आर्थिक लाभ लिन सकिने भएकाले यसको संरक्षण र विस्तारलाई महत्वपूर्ण मानिएको छ ।

# त्रिवि उपकुलपति प्रा डा थापाद्वारा कार्यभार सुरु

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपतिमा प्रा डा भोला थापाले आजदेखि कार्यभार सुरु गर्नुभएको छ । प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति बालेन्द्र शाहले त्रिभुवन विश्व विद्यालय ऐन, २०४९ को दफा १८ (२) बमोजिम गठित समितिको सिफारिसअनुसार सोही ऐनको दफा १८ को उपदफा (२) बमोजिम यही असार १९ गतेको निर्णयानुसार थापालाई नियुक्त गर्नुभएको हो ।

काठमाडौं विश्वविद्यालयको उपकुलपति समेत रहिसक्नुभएका प्रा डा थापाले नेपालमा उच्च शिक्षा र अनुसन्धानको विकासमा उल्लेखनीय योगदान पुऱ्याउनुभएको छ । काठमाडौं विश्वविद्यालयमा रजिष्ट्रार र इन्जिनियरिङ सङ्कायका डीनसहित थुप्रै महत्वपूर्ण नेतृत्वदायी पदहरूमा रहेर उत्कृष्ट योगदान गरि सक्नुभएका नवनियुक्त उपकुलपति प्रा डा थापाले हाइड्रोलिक मेसिनरी र ऊर्जा प्रणाली क्षेत्रमा दक्ष विद्वानको समेत ख्याति प्राप्त गर्नुभएको छ ।

उपकुलपति थापाले नर्वेजियन युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजीवाट विद्यावारिधि गर्नुभएको हो । कीर्तिपुरमा पदभार ग्रहण कार्यक्रममा उहाँले भौतिक तथा मानविय स्रोत/साधनमा सक्षम तथा विश्वमा पृथक पहिचान र गरिमा बनाएको गौरवशाली त्रिभुवन विश्वविद्यालयलाई सरोकारवाला सबैको राय, सुझाव र सहयोगमार्फत उत्कृष्ट संस्थाको रुपमा विसकित सर्मपित भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा निवर्तमान उपकुलपति प्रा डा सुशीलबहादुर




बर्जाचार्य, निमित्त शिक्षाध्यक्ष प्रा डा शङ्करप्रसाद खनाल एवं निमित्त रजिष्ट्रार प्रा डा महानन्द चालिसेलगायत विभिन्न अध्ययन संस्थान तथा सङ्कायका डीन, अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक, महाशाखाका प्रमुखहरुलगायत प्राध्यापक, कर्मचारीका साथै विद्यार्थीहरु समेत सहभागी हुनुहुन्थ्यो ।

# मार्ग खुलेको ५४ वर्षसम्म सडक स्तरोन्नति हुन सकेन

लमजुङ । डुम्रेदेखि बेँसी सहर जाने मार्ग खुलेको ५४ वर्षसम्म सडक स्तरोन्नति हुन नसकेपछि यहाँका स्थानीय कष्टपूर्ण यात्रा गर्न बाध्य छन् ।

विसं २०२९ मा सुरु भएको 'डुम्रे-बेँसी' सहर ४२ किमी सडक विसं २०४६ मा खुलेको थियो भने विसं २०५२ सालमा कालोपत्र सुरु गरिएको थियो । डुम्रे-बेँसीसहर सडकखण्डमा सञ्चालन हुने सवारीसाधन सजिलो तरिकाले सञ्चालन हुन सकेका छैनन् भने यात्रुहरुले जोखिमपूर्ण यात्रा गर्नु परेको छ । लमजुङ र तनहुँ जोड्ने यो सडकलाई दुई लेनमा स्तरोन्नति गर्न जनताले जतातती हारगुहार गरे पनि हालसम्म सडक स्तरोन्नति गर्ने काम अघि बढ्न सकेको छैन । उल्टै वर्षा मौसममा निर्माण कम्पनीले जथाभावी निर्माण सामग्री, थन्काएर राखिदिएका कारण सडक आवतजावतमा यात्रुहरुले थप कठिनाइ व्यहोर्नु परेको छ । पछिल्लो पटक जनताको हारगुहारपछि भने डुम्रे-बेँसीसहर-चामे सडक तनहुँको भानु नगरपालिका-३ चाम्बासदेखि बाइसजागर खण्डको करिब आठ दशमलव नौ किलोमिटर दुई लेनमा विस्तार भइरहेको छ ।

## गाउँदै, नाच्दै कोदो रोप्दै बारपाकीहरु

गोरखा । पर्याप्त पानी नपर्दा तल्लो भेगमा धान रोपाईंले गति लिन नसके पनि गोरखाको पर्यटकीय गाउँ बारपाकमा भने यतिबेला कोदो रोपाइँको चटारो छ । गाउँका पाखाबारीमा किसानहरू परम्परागत गीत गाउँदै र नाच्दै अर्मपर्मका आधारमा कोदो रोप्न व्यस्त छन् ।

समुद्री सतहबाट करिब दुई हजार मिटरको उचाइमा अवस्थित बारपाकमा उच्च हावापानीका कारण धान खेती गर्ने चलन छैन । यहाँ खेतभन्दा पाखाबारी बढी भएकाले मौसमअनुसार कोदो, मकै, गहुँ, जौ र आलु खेती गरिन्छ । बारपाक सुलिकोट गाउँपालिका-१ का वडाध्यक्ष धनबहादुर घलेका अनुसार असार लागेसँगै माथिल्लो भेगका बारीमा कोदो रोप्न सुरु हुन्छ भने तल्लो भेगका बारीमा साउनको दोस्रो सातासम्म रोपाइँ जारी रहन्छ । उहाँका अनुसार गाउँको दायाँ र बायाँ रहेका ठूला फाँटमा बाली चक्रअनुसार एक वर्ष कोदो र अर्को वर्ष मकै खेती गरिन्छ । एउटातर्फ कोदो लगाइएका बेला अर्कोतर्फ मकै खेती गरिने र अर्को वर्ष त्यसलाई उल्ट्याइने प्रचलन छ । ती बारीमा वर्षमा दुईवटा बाली मात्र उत्पादन हुने उहाँले बताउनुभयो ।

बारपाक गाउँका करिब एक हजार दुई सय घरधुरी वडा नं. १ र २ मा फैलिएर रहेका छन् । वडा नं. २ का अध्यक्ष पूर्ण गुरुङका अनुसार अधिकांश किसानले अझै पनि अर्मपर्मको परम्परा कायम राख्दै सामूहिक रूपमा कोदो रोप्ने गर्छन् । अहिले पनि केही स्थानमा ज्यालादारी श्रमिक प्रयोग गरिए पनि अधिकांश किसान परम्परागत अर्मपर्ममै निर्भर छन् ।

कोदो रोपाइँसँगै गाउँमा विशेष लोकगीत पनि गुञ्जिने गरेको उहाँले बताउनुभयो ।

खेतालाहरू गीत गाउँदै, नाच्दै उत्सवमय वातावरणमा कोदो रोप्ने परम्पराले बारपाकको सांस्कृतिक पहिचानलाई जीवन्त बनाइरहेको उहाँको भनाइ छ ।

बारपाकमा हिउँदयाममा गहुँ र जौ तथा वर्षायाममा मकै र कोदो मुख्य बालीका रूपमा लगाइन्छ । वडाध्यक्ष घलेका अनुसार माघ-फागुनमा रोपिएको मकै साउन-भदौमा भित्र्याइन्छ ।

त्यसपछि असोजमा गहुँ र जौ रोपेर वैशाख-जेठमा भित्र्याइन्छ भने त्यसपछि पुनः कोदो रोपेर मङ्सिरमा भित्र्याउने गरिन्छ । यसरी बाली चक्र मिलाएर खेती गर्ने परम्परा यहाँ अझै कायम छ ।

बारपाकमा उत्पादन हुने कोदो मुख्य रूपमा ढिंडो बनाउन प्रयोग गरिन्छ । साथै जाँड, रक्सी, रोटी तथा स्थानीय परिकार 'आलुम' बनाउन पनि यसको प्रयोग हुने वडाध्यक्ष गुरुङले बताउनुभयो । पछिल्लो समय गाउँमा चामलको प्रयोग बढे पनि अधिकांश स्थानीयको मुख्य परिकार अझै पनि ढिंडो नै रहेको उहाँले बताउनुभयो ।

## व्यवसायी सुमार्गीमाथि थप अनुसन्धान नगर्न आदेश

काठमाडौँ । सर्वोच्च अदालतले व्यवसायी अजय सुमार्गी पराजुलीमाथि सम्पत्ति शुद्धीकरणको मुद्दामा थप अनुसन्धान नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश बालकृष्ण ढकालको इजलासले व्यवसायी सुमार्गीले दायर गर्नुभएको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै अनुसन्धान अघि नबढाउन अन्तरिम आदेश गरेको हो । अदालतले सोमबार सार्वजनिक आएको लिखित पाठमा भनिएको छ, "प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म यस अदालतबाट भएको अन्तिम आदेश विपरीत हुने गरी निवेदकका विरुद्धमा कुनै कारबाही नगर्नु, नगराउनु ।"

व्यवसायी सुमार्गीले आफूमाथि धेरै पटक अनुसन्धान भइरहेको उल्लेख भन्दै अनुसन्धान रोक्न माग गर्दै रिट दायर गर्नुभएको थियो । दुई साताअघि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले व्यवसायी सुमार्गीको पासपोर्ट रोक्का गर्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध व्यवसायी सुमार्गी सर्वोच्च अदालतमा जानुभएको थियो ।

## स्वास्थ्यमन्त्रीद्वारा आयुर्वेद चिकित्सालयको अनुगमन

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सोमबार आयुर्वेद चिकित्सालय नरदेवीको अनुगमन तथा निरीक्षण गर्नुभएको छ ।

मन्त्री मेहताले चिकित्सालय र चिकित्सालयले सञ्चालन गरेको वैद्यखानाको पनि अनुगमन तथा निरीक्षण गर्नुभएको हो । अनुगमनका क्रममा उहाँले आयुर्वेद औषधिको उत्पादन बढाउन, स्वदेशी जडीबुटीको उपयोग विस्तार गर्न र आयातमा निर्भरता घटाउनुपर्नेमा जोड दिनुभयो ।

मन्त्री मेहताले चिकित्सालयबाट प्रदान हुँदै आएको उपचार, योग तथा प्राकृतिक चिकित्सा सेवा, औषधि उत्पादन, भण्डारण, प्रयोगशाला, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहको अवस्थाबारे जानकारी समेत लिनुभएको थियो । मन्त्री मेहताले वैद्यखानाले नेपालमै उपलब्ध जडीबुटीको वैज्ञानिक उपयोग गरी आफ्नै आयुर्वेदिक औषधिको उत्पादन विस्तार गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले उत्पादन क्षमता बढाएर सरकारी स्वास्थ्य संस्थामा आवश्यक औषधिको नियमित आपूर्ति सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

उहाँले नेपालमा प्रशस्त मात्रामा पाइने जडीबुटीको वैज्ञानिक उपयोग, प्रशोधन र उत्पादनमार्फत स्वदेशी आयुर्वेद औषधिलाई प्रवर्द्धन गर्न सकिने उल्लेख गर्दै त्यसका लागि मन्त्रालयले आवश्यक नीतिगत तथा संस्थागत सहयोग गर्न प्रतिबद्ध रहेको बताउनुभयो । चिकित्सालयका निमित्त निर्देशक डा रामकामेश्वर ठाकुरका अनुसार दैनिक तीन सय भन्दा बढी बिरामी उपचार गर्न आउने गरेका छन् ।

## टेरामक्स खरिद प्रकरणः तत्कालीन अध्यक्ष झासहित तीनजना दोषी ठहर

काठमाडौँ । विशेष अदालतले नेपाल दूरसञ्चार प्राधिकरणको टेरामक्स खरिद प्रकरणमा प्राधिकरणका तत्कालीन अध्यक्ष दीगम्बर झासहित तीन जनालाई दोषी ठहर गरेको छ ।

न्यायाधीशहरू हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले सोमबार प्राधिकरणका तत्कालीन अध्यक्ष झा, सदस्यहरू धनराज ज्ञवाली र टीका उप्रेतीलाई दोषी ठहर गरेको अदालतकी सूचना अधिकारी पार्वती हितानले जानकारी दिनुभयो । दोषी ठहर भएका प्राधिकरणका तत्कालीन अध्यक्ष झासहित तीनै जनालाई ६ महिना कैद र रु ५० हजार दरले जरिबाना ठहर भएको छ । झाको हकमा थप ६ महिना कैद हुने समेत अदालतले ठहर गरेको छ ।

उक्त टेरामक्स खरिद प्रकरणमा १९ जना प्रतिवादी भएकोमा तीन जनामा दोषी ठहर भएका हुन् भने बाँकीले १७ जनाले सफाइ पाएका छन् । उक्त प्रकरणमा पूर्वसञ्चारमन्त्री एवम् नेपाली कांग्रेसका नेता मोहनबहादुर बस्नेतलाई सफाई पाउनुभएको छ । अदालतले प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाल, प्राधिकरणका निर्देशकहरु दिपेश आचार्य, अच्युतानन्द मिश्र, सुरेन्द्रलाल हाडालाई सफाइ दिएको छ । त्यस्तै, प्राविधरकणका उपनिर्देशकहरु रेवतीराम पन्थ, सुरेश बस्नेत, हिरण्यप्रसाद बस्ताकोटी र सन्दीप आचार्यलाई सफाइ हुने ठहर गरेको हो । प्राधिकरणका कर्मचारी विजयकुमार रायले पनि सफाइ पाउनुभएको छ ।

त्यस्तै, अदालतले भ्यानराइस एसएएल (अफ्सोर) नामक आपूर्तिकर्ता र त्यसको मुख्य व्यक्ति प्रमुख कार्यकारी अधिकृत जमल अनोटी र स्थानीय एजेन्ट ट्रेडलिङ्ग प्रालि तथा अध्यक्ष दीलिपकुमार गुरुङलाई सफाइ दिएको छ ।

## कोशी प्रदेशसभाः विनियोजन विधेयकमाथिको छलफल सकियो

विराटनगर । कोशी प्रदेशसभाको सोमबार को बैठकमा 'आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि कोशी प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' माथिको छलफलमा उठेका प्रश्नको सम्बन्धित मन्त्रीहरूले जवाफ दिनुभएको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिंथेपले सरकारले सार्वजनिक गरेको बजेटप्रति आलोचना हुनु स्वाभाविक भएको उल्लेख गर्नुभयो । उहाँले बजेटमा देखिएका त्रुटि बजेट कार्यान्वयनअघि नै सच्याइने बताउनुभयो ।

भौतिक पूर्वाधार विकासमन्त्री प्रदीपकुमार सुनुवारले स्रोत नबढाई विकासका योजना मात्र बढाउने प्रवृत्तिबाट समस्या आउने भन्दै भूगोल र जनसङ्ख्याका आधारमा सन्तुलित ढङ्गले मन्त्रालयले बजेट तयार गरेको दाबी गर्नुभयो । अहिले पनि मन्त्रालयमा रु २० अर्बभन्दा बढीको दायित्व रहेको जानकारी दिँदै उहाँले जनता आवास कार्यक्रममा रकम वृद्धि गरिएको बताउनुभयो ।

पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले बजेट निर्माण गर्दा असन्तुलन हुन नदिने विषयमा मन्त्रालय गम्भीर रहेको बताउँदै स्रोतको अभावका कारण मागअनुसार बजेट विनियोजन गर्न नसकिएको स्वीकार गर्नुभयो । उहाँले हात्ती आतङ्कबाट बचाउन रु पाँच करोड विनियोजन गरिएको जानकारी दिँदै बाँदर र हात्तीको समस्या राष्ट्रिय समस्या भएको बताउनुभयो । खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलचन पाठकले नीति र कार्यविधिले निर्देश गरेअनुसार स्रोतको सुनिश्चितता गरी बजेट निर्माण गरिएको दाबी गर्दै मन्त्रालयले विनाभेद समानुपातिक र समानताका आधारमा बजेट निर्माण गरेकोमा जोड दिनुभयो । आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले विनियोजन विधेयक माथि उठेका प्रश्नले सरकारलाई थप जवाफदेही बन्न बल पुगेको भन्दै मन्त्रालयले विधिभित्र रही संसदीय प्रणालीअनुसार नै बजेट निर्माण गरेको बताउनुभयो । उहाँले शान्ति सुरक्षा तथा जङ्गली हात्ती र बाँदरको समस्या समाधानमा सरकार गम्भीर रहेको बताउनुभयो । उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राईल मन्सुरीले प्रदेशको समग्र कृषि तथा उद्योगको विकास र विस्तारका लागि बजेट विनियोजन गरिएको दाबी गर्नुभयो । मानबहादुर लिम्बूले जनताले उठाएका विषयप्रति सरकार गम्भीर रहेको बताउनुभयो । उहाँले धनकुटास्थित जिल्ला अस्पतालको स्तरोन्नतिका लागि रु २० करोड बजेट विनियोजन गरिएको जानकारी दिँदै सरकारको सामर्थ्यअनुसार अस्पतालमा जनशक्ति र उपकरण व्यवस्थापन गर्दै लगिने तथा यसबाट आम नागरिकको उपचारमा सहजता आउने दाबी गर्नुभयो ।

सामाजिक विकासमन्त्री रामप्रसाद महतोले मन्त्रालयले युवा, खेलकुद, भाषा, कला तथा महिला सशक्तीकरणका लागि बजेट व्यवस्था गरेको जनाउँदै भूगोल, वर्ग र क्षेत्रलाई समान ढङ्गले बजेट पुऱ्याउने व्यवस्था गरिएको बताउनुभयो ।

प्रदेशसभाको अर्को बैठक मङ्गलबार दिउँसो १ बजे बस्नेछ ।

## ड्रागनफलमा ढुसीजन्य रोगको सङ्क्रमण

चितवन । चितवनमा व्यावसायिक रूपमा खेती गरिएको ड्रागन फल (सिउँडी फल) मा ढुसीजन्य रोगको सङ्क्रमण फैलिन थालेपछि उत्पादनमा गिरावट आएको छ ।

जिल्लाका अधिकांश ड्रागन फार्ममा यो समस्या देखिएको कृषि प्राविधिकले बताएका छन् । कृषि विकास कार्यालय चितवनका बागबानी विकास अधिकृत स्वस्तीका चौहानका अनुसार जिल्लामा २४ हेक्टर क्षेत्रफलमा गरिएको ड्रागन फल खेतीमध्ये धेरैजसोमा ढुसीजन्य रोगको सङ्क्रमण देखिएको छ ।

उहाँले कोलेटोट्रिचम नामक ढुसीका कारण फलमा कोत्रे रोग लाग्ने जानकारी दिनुभयो । उक्त रोगका कारण फल पहेँलिने, दानामा खैरा थोप्ला देखिने, फल कालो हुँदै चाउरिने तथा अन्ततः फुट्ने समस्या देखापर्छ । "बिरुवामा सुरुमा सङ्क्रमण भएपछि मात्रै फलमा रोग देखिन्छ । बिरुवाको डाँठमा पहिल्यै थोप्ला देखिन थाल्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार सङ्क्रमित फल बजारमा बिक्रीयोग्य नहुने भएकाले किसानले आर्थिक क्षति बेहोर्नुपरेको छ । रोगको प्रारम्भिक अवस्थामै नियन्त्रण गर्न सके उत्पादन र बजारीकरणमा ठूलो असर नपर्ने उहाँको भनाइ छ । बिरुवामा रोगको लक्षण देखिनेबित्तिकै प्रतिलिटर पानीमा दुई ग्राम कपर अक्सिक्लोराइड मिसाएर छर्कन उपयुक्त हुने उहाँले बताउनुभयो । बिरुवा रोप्दा चोटपटक नलागेका, स्वस्थ र रोगमुक्त बिरुवा मात्र छनोट गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

## थप २४८ जना सहकारीपीडितले पाए रकम

काठमाडौँ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले शिव शिखर सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको छ ।

समितिका अनुसार सो सहकारीका २४८ जनाले बचत फिर्ता पाएका हुन् । हालसम्म उक्त सहकारीका एक हजार ११७ जना बचतकर्ताले रकम फिर्ता पाएका छन् । पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ । यसरी नै क्रमशः अन्य बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ । सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम नै बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ ।

समस्याग्रस्त सहकारी संस्थाबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्तालाई बचत फिर्ता गर्ने कार्य सञ्चालन भइरहेको छ ।

## १६ करोड ५० लाख डलर सहुलियतपूर्ण ऋण सम्झौता

काठमाडौँ । एसियाली विकास बैंक (एडिबी)ले नेपाल सरकारलाई १६ करोड ५० लाख अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ ।

सोमबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा नेपाल सरकार र एडीबीबीच दुईवटा छुट्टाछुट्टै सहुलियतपूर्ण ऋण सम्झौतामा औपचारिक हस्ताक्षर भएको हो । उक्त सहुलियत पूर्ण ऋण खानेपानी, ढल व्यवस्थापन तथा भन्सार प्रशासनको आधुनिकीकरणमा खर्च हुनेछ ।

अर्थमन्त्री डा स्वर्णिम वाग्ले र एडीबीका अध्यक्ष मासातो कान्डाको उपस्थितिमा भएको सम्झौतापत्रमा नेपाल सरकारका तर्फबाट अर्थ सचिव डा घनश्याम उपाध्याय र एडीबीका तर्फबाट नेपाल आवासीय नियोगका देशीय निर्देशक आर्नो कोश्वाले हस्ताक्षर गर्नुभयो । सम्झौता अनुसार 'एकीकृत खानेपानी तथा ढल व्यवस्थापन (क्षेत्रगत) आयोजना' का लागि ११ करोड ५० लाख अमेरिकी डलर र भन्सार प्रशासनको आधुनिकीकरणका लागि ५ करोड अमेरिकी डलर परिचालन गरिनेछ ।

त्यस अवसरमा अर्थमन्त्री डा वाग्लेले नेपालको दिगो विकासमा एडीबीबाट प्राप्त सहयोगको उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा यो साझेदारी अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । एडीबीका अध्यक्ष कान्डाले नेपालसँगको छ दशकभन्दा लामो सहकार्यलाई निरन्तरता दिँदै आन्तरिक तथा बाह्य आर्थिक चुनौती सामना गर्न बैंक सधैं तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## समृद्धि प्राप्त नगरी मर्ने छैनौं : पुस्तक सार्वजनिक

काठमाडौँ । पूर्वराज्यमन्त्री हरिप्रसाद पाण्डको पुस्तक 'सम्पूर्ण नेपालीले प्रतिज्ञा गरौं: समृद्धि प्राप्त नगरी मर्ने छैनौं' विमोचन गरिएको छ ।

मातृसेवा प्रतिष्ठान नेपालद्वारा ओयोजित उक्त कार्यक्रममा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे, नेपाली कांग्रेसका नेता डा चन्द्र भण्डारी, प्रतिनिधिसभा सदस्य लिमा आचार्य, पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री तथा वरिष्ठ पत्रकार टिकाराम यात्रीले संयुक्त रूपमा पुस्तक विमोचन गर्नुभएको थियो ।

कार्यक्रममा लेखक पाण्डेले नेपाल प्राकृतिक स्रोत-साधनले सम्पन्न देश भएकाले जलविद्युत्, जडीबुटी, खनिज लगायतका क्षेत्रको वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रभावकारी उपयोगमार्फत देशलाई आर्थिक समृद्धितर्फ अघि बढाउन सकिने र स्रोतको पहिचान, तिनको सदुपयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com